निर्णयहरु :

१.यस जि.स.स.को कार्यालयमा रहेका जिप गाडीहरु ज्यादै पुरानो भई पटक पटक विग्रीई मर्मत गराउन समेत रकम ज्यादै वढी लाग्ने अवस्था सृजना भई कार्यालयको दैनिक कामकाज तथा अनुगमन कार्यमा समेत समस्या भएको हुदा यस कार्यालयको लागि चालुहालतमा रहेको जिप गाडी माग गर्न निर्वाचन आयोग नेपाल कान्तिपथ,काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. यस कार्यालयमा जडान भएको कार्यालयको आफनै थ्रिफेस विद्युत ट्रान्सफरमर पटक पटक विग्रीई मर्मत गराउन जिल्लामा सम्भव नभई कैलाली तथा नेपालगञ्ज लैजानु पर्ने तथा मर्मत गर्न समेत महङ्गो हुन जाने अवस्था भएको हुदा हाल जडान गरिएको थ्रिफेस ट्रान्सफरमरका सम्वन्धमा सम्वन्धित विद्युत कार्यालय संग समन्वय गरि उक्त थ्रिफेस ट्रान्सफरमर हटाई थ्रिफेस लाईन जडान गर्न गराउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. नेपालमा संघियता लागु भए पश्चात महालेखा परिक्षकको कार्यालयको लेखा परिक्षण प्रतिवेदन अनुसार वेरुजु रकम प्रत्येक वर्ष थपिदै रहेको अवस्थामा यस डडेल्धुरा जिल्ला अर्न्तगतका स्थानीय तहहरुमा पनि वेरुजु रकम वढने कम रहिरहेको छ । सो सम्वन्धमा आ आफनो तहवाट उक्त वेरुजु समयमै नियमानुसार फरफारक गराई स्थानीय तह वाट गरिने विकास निर्माण लगायत कार्यमा नेपाल सरकारको निति नियम अनुसार काम कार्वाही गरि उक्त वेरुजु रकम न्युनिकरण गर्न यस डडेल्धुरा जिल्लाका सात वटै तहलाई सुझाव दिने निर्णय गरियो ।